DAILY NEWSLETTER

As of FEB 17, 2026

सर्वगुण Investor's Club..

A Comprehensive Technical Analysis by SARBAGUNA INVESTMENT

नेप्से : निरन्तर दबाबमा बजार, लोअर लो ट्रेन्ड कायम

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आजको कारोबारमा पनि निरन्तर घट्दो प्रवृत्तिमा देखिएको छ। बजारले लोअर लो (Lower Low) प्याटर्नलाई निरन्तरता दिँदै २० अंकले घटेर रातो क्यान्डलमा बन्द भएको छ। कारोबार अवधिभर बजारमा उच्च बिक्री दबाब देखिएकोले लगानीकर्ताको मनोबल कमजोर रहेको र बजारमा विक्रेताहरूको प्रभाव बलियो रहेको संकेत गरेको छ।आजको कारोबारमा कुल कारोबार रकम ८ अर्ब रुपैयाँभन्दा बढी पुगेको छ भने २ करोडभन्दा बढी कित्ता शेयर किनबेच भएका छन्। बजार घटिरहेको अवस्थामा पनि उच्च कारोबार हुनु सक्रिय लगानीकर्ता सहभागिता देखिए पनि मुख्य रूपमा नाफा सुरक्षित गर्ने (profit booking) तथा डरका कारण बिक्री बढेको संकेत मानिन्छ।

प्राविधिक विश्लेषण

20D MA	वजार २०D MA भन्दा Below छ ।
MACD	नेप्सेमा हाल MACD मा Buying (Weak) देखिएको छ ।
RSI	RSI 41 पुगेको देखिन्छ ।

Support	2630-2610
Resistance	2700-2680

इन्ट्राडे (Intraday) आधारमा हेर्दा, बजारले माथिल्लो स्तरमा टिक्न नसकी बारम्बार प्रतिरोध (resistance) सामना गरेको देखिन्छ। बजारले सुधारको प्रयास गरे पनि निरन्तर बिक्री दबाबका कारण परिसूचक तल झर्दै नयाँ न्यून स्तर बनाएको छ, जसले प्राविधिक रूपमा बजार कमजोर हुँदै गएको संकेत गर्छ। लोअर लो संरचना कायम रहनु छोटो अवधिमा बजारको ट्रेन्ड अझै bearish रहेको पुष्टि गर्दछ।

समग्रमा, बजारप्रति लगानीकर्ताको धारणा हाल नकारात्मक देखिएको छ। बजारमा बलियो खरिद समर्थन (buying support) नदेखिएको अवस्थामा आगामी दिनमा पनि बजारमा उतारचढाव तथा दबाब कायम रहने सम्भावना रहेको छ। यद्यपि, यदि बजारमा नयाँ खरिद शक्ति प्रवेश भई लगानीकर्ताको विश्वास बढ्न सकेमा बजारले स्थिरता पाउने वा सुधारतर्फ उन्मुख हुने सम्भावना पनि रहन्छ।